आज मिति २०७५/१० /०७ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ३० औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख अतिथि : माननीय श्री पार्वत गुरुङ, प्रतिनिधि सभा सदस्य

विशेष अतिथि: श्री डबल पाण्डे .........प्रमुख, जिल्ला समन्वय समिति दोलखा

विशेष अतिथि : श्री नर बहादुर श्रेष्ठ .......अध्यक्ष, मेलुंग गाउँपालिका

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री रामकृष्ण उप्रेती ........................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................ वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................ वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ .......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

# कार्यपालिकाको ३० औ *बैठकका प्रस्ताब तथा निर्णयहरु*

*मिति २०७५/१०/७*
समय : बिहान ८:०० बजे

१ , सङ्घीय सरकारको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत हिमालयन अध्ययन ,अनुषन्धान तथा तालिम केन्द्र निर्माण शिर्षकको रु १ करोड सम्बन्धमा
२ , शोक प्रस्ताब सम्बन्धमा

निर्णय नं . १ प्रस्ताब नं . १ माथि छलफल गर्दा सङ्घीय सरकारको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत हिमालयन अध्ययन, अनुषन्धान तथा तालिम केन्द्र, निर्माणका लागि रु १,००,००,०००. (एक करोड) विनियोजन भई निकासा समेत प्राप्त भईसकेको हुँदा उपयुक्त स्थान छनौट गरी उक्त योजाना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २ प्रस्ताब नं . २ माथि छलफल गर्दा (क ) दोलखा जिल्ला , क्षेत्र नं .२ का माननीय सांसद श्री पशुपति चौलागाईंज्यूका, पिता चन्द्र प्रसाद चौलागाईंको मिति २०७५/१०/०६ गते असामयिक निधन भएकोले मृतआत्माको चीर शान्तिको कामना सहित शोकसन्तप्त परिवारमा हार्दिक समवेदना ब्यक्त गर्दै शोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।

(ख) भीमेश्वर नगरपालिकाका सल्लाहकार सदस्य श्री कुबेर थापा तथा भीमेश्वर नगरपालिका खेलकुद समितिका सदस्य बलराम थापाकी माता नेत्रकुमारी थापाको मिति २०७५/१०/५ गते असामयिक निधन भएकोले मृतआत्माको चीर शान्तिको कामना सहित शोकसन्तप्त परिवारमा हार्दिक समवेदना ब्यक्त गर्दै शोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।

(ग ) भीमेश्वर नगरपालिकाका साबिक वार्ड नं ९ (हाल ५ ) का पूर्व नगर सदस्य नर बहादुर नेपालीको मिति २०७५/१०/५ गते असामयिक निधन भएकोले मृतआत्माको चीर शान्तिको कामना सहित शोकसन्तप्त परिवारमा हार्दिक समवेदना ब्यक्त गर्दै शोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।